# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### सञ्चालक पाण्डेद्वारा सम्माननीय का.मु. प्रधानन्यायाधीशज्यू समक्ष शपथ

नेपाल राष्ट्र बैंक सञ्चालक समितिका नवनियुक्त सदस्य डा. रविन्द्रप्रसाद पाण्डेले सम्माननीय कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीज्यूसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।



सर्वोच्च अदालतमा मिति २०८० वैशाख २८ गते आयोजित एक कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश कार्कीले उहाँलाई शपथ ग्रहण गराउनुभयो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८० वैशाख २६ को निर्णयअनुसार पाण्डे बैंक सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको हो । पाण्डे नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।

ऐनको दफा १७ मा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिलाई मन्त्रिपरिषद्ले बैंकको सञ्चालकमा नियुक्त गर्ने प्रावधान छ । सञ्चालकको कार्यकाल पाँच वर्ष हुने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका रजिष्ट्रार निर्मला पौडेल, सह-रजिष्ट्रार नारायणप्रसाद रेग्मी र नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीको उपस्थिति थियो ।

**२०८० वैशाख ३१ गते** | **गभर्नरको कार्यालय**